# नेपाल राष्ट्र बैंक
# प्रेस समाचार

## गभर्नर खतिवडासँग अ.मु.कोष र विश्व बैंक. मिसनको शिष्टाचार भेट

गभर्नर डा. युवराज खतिवडासँग अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको Financial Sector Assessment Programme : (FSAP) Scoping Mission को प्रतिनिधिमण्डलले २०७० मंसिर २३ गते बालुवाटारमा शिष्टाचार भेट गर्‍यो । मिसन प्रमुख Mr. Paul Mathieu को नेतृत्वमा आएको सो प्रतिनिधिमण्डलले कोषद्वारा नेपालको वित्तीय क्षेत्र सुदृढीकरणका लागि प्राविधिक सहायताका साथै नेपालको वित्तीय क्षेत्र नियमन एवम् सुपरिवेक्षण तथा सो क्षेत्रको स्थायित्व प्रवर्द्धनका बारेमा छलफल गरेको थियो ।



भेटमा गभर्नर डा. खतिवडाले प्रतिनिधिमण्डललाई नेपालले तर्जुमा गरिरहेको वित्तीय क्षेत्र विकास रणनीति ( Financial Sector Development Strategy: FSDS) का बारेमा जानकारी गराउँदै FSAP बाट वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा तर्जुमा गर्न थप सहयोग पुग्ने बताउनुभएको थियो । सो रणनीति तर्जुमा गर्दा धितोपत्र, बीमा जस्ता अन्य सुपरिवेक्षकीय निकायसँग समेत समन्वयात्मक सहकार्य भइरहेको तथा नियमन र सुपरिवेक्षणमा पूर्ण रूपमा समेट्न नसकिएको तर समाजको तल्लो तहमा वित्तीय सेवा उपलब्ध गराइरहेको अर्ध औपचारिक क्षेत्रको नियमन, निरीक्षण तथा सुपरिवेक्षण समेतलाई ध्यान दिइने उहाँले स्पष्ट पार्नुभयो ।

भेटमा मिसनका तर्फबाट नेपालको वित्तीय क्षेत्रको विकास तथा वर्तमान संरचनाका बारेमा धारणा राख्दै मिसनको प्रमुख उद्देश्य नेपालको वित्तीय क्षेत्र स्थायित्व तथा सुदृढीकरण रहने जानकारी मिसन प्रमुख Mr. Mathieu ले जानकारी गराउनुभएको थियो ।

भेटमा गभर्नर खतिवडाले नेपालको बैंक तथा वित्तीय संस्थाको वर्तमान संरचनामा पुनरावलोकनको आवश्यकता औंल्याउनु भएको थियो । साथै, वित्तीय सेवा प्रदायक र व्यावसायिक क्षेत्रबीच पृथकीकरणको आवश्यकता र यसबारे बैंकका तर्फबाट भैरहेको प्रयासबारे समेत उहाँले प्रकाश पार्नुभएको थियो । यसै गरी, उहाँले वित्तीय अनुशासन र जोखिम व्यवस्थापनमा ध्यान दिइएका कारण नेपालको वित्तीय स्थायित्वको अवस्था सुदृढ हुँदै गएको बारे पनि स्पष्ट पार्नुभएको थियो । सो अवसरमा कार्यकारी निर्देशकहरू बैंक तथा वित्तीय संस्था नियमन विभागका भाष्करमणि ज्ञवाली तथा अनुसन्धान विभागका डा. मीनबहादुर श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

२०७० मंसिर २३ गते, आइतबार

गभर्नरको कार्यालय